# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १४३औं बैठकको निर्णयहरु

**स्थान** : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरवार ।

**मिति** : २०७८।०१।०३ गते शुक्रवार ।

**समय** : दिउँसो ३:०० बजे ।

__निर्णय नं. १__

भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि २०७२ को दफा ४ बमोजिमको जग्गा दर्ता समिति गोरखाबाट ऐ. कार्यविधिको दफा १२ बमोजिम सिफारिस भइ आएको गोरखा जिल्ला साविक लाप्राक गा.वि.स. वडा नं. ३ र ६ हालको धार्चे गाउँपालिका वडा नं. ४ गुप्सिपाखामा भूगर्भविदको अध्ययन प्रतिवेदन समेतका आधारमा सुरक्षित देखिएको स्थानमा भूकम्पबाट प्रभावित जोखिमयुक्त बस्तीका लाभग्राहीहरु स्थानान्तरण गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/०९/२१ को बैठकवाट स्विकृत प्राप्त भए बमोजिमका ५७३ लाभग्राहीहरुका लागि हरेक घरले ओगट्ने क्षेत्रफल ऐ. कार्यविधिको दफा १५ को उपदफा (२) बमोजिमको हदबन्दी ननाघने गरि आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), गोरखावाट संलग्न राखी पठाईएको नापी सिट अनुसारको क्षेत्रफल एवं नापी कार्यालय गोरखाको च.नं.२७३, मिति २०७७/११/२८ को पत्रसाथ प्राप्त अस्थायी कित्ता बमोजिम प्रत्येक व्यक्तिको छुट्टाछुट्टै कित्ता जग्गा दर्ता गर्ने र सो निर्णय कार्यान्वयनको लागि मालपोत कार्यालय, गोरखामा लेखी पठाउने ।

सचिव